भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल
२०७३

प.सं.: ०७५-७६
च.नं.:

मिति: २०७५।१२।२४

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
## (प्रकाशित मिति: २०७५/१२/२४)

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा भूमे गाउँपालिकाको **खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना २०७५** बमोजिम चालु आर्थिक वर्ष २०७५/०७६ मा तोकिएका वडा तथा टोलहरुलाई पूर्ण सरसफाईयुक्त टोल घोषणाका लागि तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि इच्छुक तथा योग्य संघ संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

१. कार्यक्रमको विवरण:

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक कार्ययोजना कार्यान्वयन | १०,००,०००।- | |

२. आवश्यक कागजातहरु:

a. जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण परिषद्मा संस्था दर्ताको प्रमाणपत्र, अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रोफाइल, तोकिएको ढाँचामा प्रस्तावना पत्र,

३. गर्नुपर्ने क्रियाकलापहरु:

a. गाउँपालिकास्तरीय तथा वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति बैठक सहजीकरण
b. गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक योजना निर्माण
c. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी रणनीतिक योजना तर्जुमा गोष्ठी
d. फोहरमैला व्यवस्थापन सम्बन्धी सम्बन्धित वडाध्यक्ष तथा वडा समितिहरुलाई १ दिने अभिमुखीकरण
e. विभिन्न समूहहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण
f. विद्यालय व्यवस्थापन समिति, शिक्षकशिक्षिका तथा किशोरकिशोरीहरुलाई खानेपानी, सरसफाई तथा स्वच्छताका साथै महिनावारी स्वच्छता सम्बन्धी अभिमुखीकरण
g. विद्यालयहरुमा निःशुल्क संगी प्याड निर्माण तथा वितरण
h. अति विपन्न घरधुरीहरुमा सुधारिएको चुल्हो निर्माण सहयोग कार्यक्रम
i. महत्वपूर्ण स्थानहरुमा सरसफाईसम्बन्धी जनचेतनामूलक पोष्टर, पम्पलेट तथा होर्डिङ बोर्डहरुको निर्माण तथा शर्तहरु कार्यान्वयन

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

j. पूर्ण सरसफाईयुक्त टोल घोषणाका लागि अनुगमन, घोषणा तथा पुरस्कार सम्मान कार्यक्रम
k. तोकिएका टोल तथा महत्वपूर्ण स्थानहरुमा स्थानीय डस्टविन वितरण
l. गाउँघर सरसफाई सचेतना अभियान
m. बजार व्यवस्थापनका लागि सरोकारवालाहरुसँग नियमित बैठक

४. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७६/०१/०८

५. **छनौटको आधारः** संस्थाको प्रोफाइल, प्रस्ताव तथा लागत साझेदारी वापतको रकम

६. थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयको वेबसाइट www.bhumemun.gov.np वा ९८५७८३१२०० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner